# कोरियामा बसोबास गर्ने विदेशी (60 वर्ष वा सोभन्दा माथि) का लागि कोभिड–19 चौथो खोप (बूस्टर) बारे जानकारी

ओमिक्रोन उत्परिवर्तनको महामारीका कारण वृद्वहरुमा पुष्टि भएका घटनाहरु र मृत्यु हुनेहरुको संख्या बढिरहेको अवस्थामा कोभिड-19 संक्रमणबाट हुने मृत्युबाट जोगाउन यो जानकारी गराउन चाहन्छौ कोभिड-19 को चौथो खोप कोरियामा (60 वर्ष माथि)का विदेशी नागरिकहरुका लागी तल निम्नअनुसार सञ्चालन गरिनेछ ।

**■ खोपको विषय**

○60 वर्ष (62साल डिसेम्बर 31,तारिक अघि जन्मेका) वा सोभन्दा माथिका व्यक्तिहरूले 4 महिना अघि (120 दिन) कोरियामा वा विदेशमा तेस्रो खोप पूरा गरेका व्यक्तिहरू लागू हुन्छ। उच्च जोखिममा रहेका 80 वर्ष भन्दा माथिका वृद्ववृद्वाहरु लाई चौथो खोप लगाउन सिफारिस गरिन्छ ।

*तेस्रो खोप लगाउनु अघि वा पछि कोभिड-19 संक्रमण पुष्टि भयको भए पनि चाहन्नुहुन्छ भने खोप लगाउन सक्नुहुन्छ।

**■ खोपका प्रकार र अन्तरालहरू**

○ mRNA भ्याक्सिन (Pfizer, Moderna) र Novavax खोप दिइरहेका छौ ।

○ 60 वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूमध्ये, यदि तेस्रो खोप पछि 4 महिना (120 दिन) बित्यो भने तपाईंले चौथो खोप लगाउन सक्नुहुन्छ।

यदि, सामूहिक संक्रमणको जोखिममा रहेको नर्सिङ अस्पताल (मानसिक स्वास्थ्य सुधार सुविधाहरू सहित)को अधीनमा रहेका बिरामीहरु कम प्रतिरक्षा भएको व्यक्तिहरु जसलाई खोपको अन्तराल घटाउन आवश्यक अनुसार तेस्रो खोप पछि 3 महिना (90 दिन) देखि लगाउन सकिन्छ ।

**■ मिति र स्थान**

○अग्रिम बुकिङ 2022 अप्रिल 18 (सोम) बाट गर्न सक्नुहुन्छ, अग्रिम बुकिङ गरेका व्यक्तिहरुले 2022अप्रिल 25 (सोमबार) बाट खोप लगाउन सक्नुहुन्छ ।

○पठाइएको मेडिकल चिकित्सा संस्थामा अवशिष्ट खोप छ भने सोही दिनको खोप 2022 अप्रिल 14 (बिहीबार) बाट खोप दिन सकिन्छ ।

○खोप लगाउने स्थानमा स्वास्थ्य बीमा भए वा नभए पनि कोभिड-19 खोप व्यवस्थापन कुनै पनि चिकित्सा संस्थामा खोप लगाउन सक्नुहुन्छ । यदि चिकित्सा संस्थामा खोप लगाउन असम्भव भयमा स्थानिय सरकारको व्यावस्था अनुसार सार्वजनिक स्वास्थ्य केन्द्रमा खोप लगाउन सक्नुहुन्छ ।

**■ बुकिङ गर्ने तरिका**

1. कोरियामा पहिलो, दोस्रो र तेस्रो खोप पूरा गरेका 60 वर्ष भन्दा माथिका विदेशीहरु

1) दर्ता भएको विदेशीहरु : आधारभूत खोपको लागी जस्तै अनलाइन वा फोन मार्फत बुकिङ गर्न सक्नुहुन्छ ।

① अनलाइन बुकिङ : कोभिड-19 खोप अग्रिम बुकिङ सिस्टम (https://ncvr.kdca.go.kr) मा लग इन गनुहोस् र आफै वा प्रतिनिधि द्वारा बुकिङ गर्नुहोस् ।

② फोन मार्फत बुकिङ : कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सीको कल सेन्टरमा सम्पर्क गर्नुहोस् (☏1339) वा सरकारी स्थानीय सार्वजनिक स्वास्थ्य केन्द्रमा अग्रिम बुकिङ गर्न सक्नुहुन्छ ।

③ खोप लगाउने दिन : चिकित्सा संस्थामा प्रारम्भिक सूची (फोन मार्फत जाँच गरेर) दर्ता गरेपछि सोही दिन खोप लगाउनुहोस् । (

* SNSमार्फत अवशिष्ट खोप अग्रिम बुकिङ गर्न सक्नुहुन्छ ।

2) दर्ता नभएको विदेशी (गैरकानुनी रूपमा बसेका विदेशीहरू सहित) : आधारभूत खोप वा तेस्रो खोप लिँदा सार्वजनिक स्वास्थ्य केन्द्रबाट प्राप्त गर्नुभएको अस्थायी नियन्त्रण नम्बर प्रयोग गरेर, फोन मार्फत वा खोप एजेन्सी (चिकित्सा संस्था वा सार्वजनिक स्वास्थ्य केन्द्र) मा गएर अग्रिम बुकिङ गर्न सक्नुहुन्छ।

* अस्थायी नियन्त्रण नम्बर जारी गर्दा, आफ्नो परिचय पत्र जस्तै पासपोर्ट वा विदेशी दर्ताको प्रमाणपत्र पेश गर्न आवश्यक छैन।

2. आधारभूत खोप र विदेशमा तेस्रो खोप पूरा गरेका 60 वर्ष वा सोभन्दा माथिका विदेशीहरू (कोरियामा 90 दिनभन्दा कम समय बसेका विदेशीहरू सहित)

○ आफ्नो परिचयपत्र लिएर नजिकको सार्वजनिक स्वास्थ्य केन्द्रमा जानुहोस्, अस्थायी नियन्त्रण नम्बर प्राप्त गर्नुहोस्, आफ्नो विदेशी खोप रेकर्ड दर्ता गर्नुहोस् र फोन मार्फत अग्रिम बुकिङ वा खोप एजेन्सी (चिकित्सा संस्था वा सार्वजनिक केन्द्र) मा गएर अग्रिम बुकिङ गर्न सक्नुहुन्छ ।

※ **नोट**

- पहिचान **सम्बन्धि** जानकारी खोप उदेश्यका **लागी प्रयोग गरिनेछ, र अवैध** बसोबास **अधिसूचनाको दायित्व अनुसार कोरियाली अध्यागमन सेवालाई सूचित गरिने छैन।**
- **थप** विवरणहरूको लागि, **कोरिया रोग नियन्त्रण तथा रोकथाम एजेन्सी** (KDCA) **को कोभिड**-19 **खोप** (https://ncv.kdca.go.kr) वेबसाइटमा जानुहोस् ।